# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
## नवौं बैठक

आज मिति २०७४।१०।२२ गते सोमवार दिउशो १२:३० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको नवौं बैठक नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल वमोजिमको उपस्थितिमा वसी प्रस्तावित विषयहरुमा छलफल गरीयो ।

उपस्थिति

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा व. गुरुङ्ग, वडाध्यक्ष- १

श्री तिलक व. श्रेष्ठ, वडाध्यक्ष- २

श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष- ३

श्री भोज व. खत्री, वडाध्यक्ष- ४

श्री मोहित चौधरी, वडाध्यक्ष- ५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष- ६

श्री रामवावु प्रसाद कलवार, वडाध्यक्ष- ७

श्री रामवावु राउत कुर्मी, वडाध्यक्ष- ८

श्री प्रभु नाथ प्रसाद चौधरी, वडाध्यक्ष- ९

श्री सरोज कुमार राउत, वडाध्यक्ष- १०

श्री विनोद प्रसाद यादव, वडाध्यक्ष- ११

श्री लालवावु प्रसाद चौधरी, वडाध्यक्ष- १२

श्री राजेन्द्र प्रसाद सिहँ थारु, वडाध्यक्ष- १३

श्री रामशरण वर्तौला, वडाध्यक्ष- १४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

2074/10/22

Scanned by CamScanner

श्री केदार नाथ वजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, निर्वाचित सदस्य

श्री रामदुलारी चौधरी, निर्वाचित सदस्य

श्री सुन्दर बहादुर सुनार, निर्वाचित सदस्य

श्री श्याम सुन्दर पासवान, निर्वाचित सदस्य

श्री राजकुमार महरा, निर्वाचित सदस्य

श्री अनिता देवी चौधरी, निर्वाचित सदस्य

श्री सुभद्रा न्यौपाने, निर्वाचित सदस्य

श्री कमल चौधरी, निर्वाचित सदस्य

श्री राम कृष्ण उप्रेती – सचिव

<u>अन्य उपस्थिती</u>

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री नविन गडतान लामा, शाखा अधिकृत

श्री राम नरेश यादव, ईन्जिनियर

श्री वीरेन्द्र वाईबा, ना.सु.

छलफलका विषयहरु :

१. रिपोर्टिङ्ग तथा कार्य प्रगती विवरण सम्वन्धमा ।

२. वडा कार्यालय भवन निर्माण सम्वन्धमा ।

३. सामाजिक सुरक्षा भत्ता बितरणका लागि खाता सञ्चालन सम्वन्धमा ।

४. सडक बोर्डको योजना छनौट सम्वन्धमा ।

५. राजश्व परामर्श समिति तथा विषयगत समितिहरुको निर्णय जानकारी सम्वन्धमा ।

६. विविध ।

निर्णयहरु:

निर्णय नं (१): प्रस्ताव नं.१सम्वन्धमा नगरप्रमुख श्री डा.कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकीय अधिकृत श्री रामकृष्ण उप्रेतीबाट उपमहानगरका समग्र गतिविधि, प्रशासनिक कामको प्रगती तथा योजना संचालनको हाल सम्म भएका प्रगती विवरण प्रस्तुत भयो ।

निर्णय नं.(२) प्रस्ताव नं.२सम्वन्धमा यस उपमहानगरपालिका अन्तर्गतका वडा कार्यालय भवन निर्माण गर्न उपयुक्त स्थान र जग्गाको छनौट गरी तपसिल अनुसारका वडा समितिवाट सिफारिस भई आएको हुँदा आवश्यक वजेटको व्यवस्था गर्न नेपाल सरकार समक्ष माग गर्ने निर्णय गरियो ।

तपसिल :

क) वडा नं.१, ४, ५, ८, १०, ११, १३, १४, १६ र २०

निर्णय नं (३) प्रस्ताव नं.३सम्वन्धमा साविकका गा.वि.स.हरुउपमहानगरपालिकामा समायोजन भई आएको हुँदा सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा सहजता ल्याउन तपसिल अनुसारको वैंकहरुमा सामाजिक सुरक्षा भत्ता वितरण खाता संचालन गर्ने निर्णय गरियो ।

तपसिल :

क) वैंक अफ काठमाडौं, अमलेखगंज शाखा – वार्ड नं. २१ र २२

ख) नविल वैंक, सिमरा शाखा– वार्ड नं. १७ र १८

ग) एन.आई.सि.एसिया वैंक, जीतपुर शाखा – वार्ड नं. १९, २०, २३ र २४

निर्णय नं (४): प्रस्ताव नं. ४सम्वन्धमा चालु आ.व. २०७४/०७५ मा यस उपमहानगरपालिकामा सडक वोर्ड मार्फत सञ्चालन गरिने योजनाहरु छनौट गर्न नगर प्रमुखज्यूको संयोजकत्वमा तपसिल वमोजिमको ४ सदस्सीय समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

क) नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेल

ख) उप प्रमुख श्री सरस्वती देवी चौधरी

ग) प्रमुख प्रशासकीय अधिकृत श्री रामकृष्ण उप्रेती

घ) पूर्वाधार विकास समिति संयोजक श्री भोजवहादुर खत्री

Scanned by CamScanner

**निर्णय नं. (५)** प्रस्ताव नं. ५ सम्वन्धमा यस जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत गठीत राजश्व परामर्श समिति,पूर्वाधार समिति,सामाजिक विकास समितिहरुको वैठकमा भएका निर्णय जानकारी गराईयो र कार्यान्वयन प्रकृया अघि वढाउन मार्ग निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ विविध (क)** यस उपमहानगरपालिकाको कार्यालय प्रयोजन लगायत विकास निर्माणमा आवश्यक यान्त्रीक उपकरण तथा सवारी साधनहरुको खरिद सम्वन्धि विनियोजित वजेट रु. २ करोड भए पनि कार्यालयबाट रु.२ करोड ६२ लाखको सूचना प्रकाशित भएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ (ख)** यस उपमहानगरपालिका अन्तर्गत सामाजिक विकास शाखासंग सम्बन्धित कार्यक्रमहरुको विषयमा सामाजिक विकास समितिले थप गृहकार्य गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ (ग)** यस उपमहानगरपालिकाको चालु आ.व.२०७४/०७५ मा सञ्चालन हुने वडा स्तरीय योजनाहरुको सम्झौता तथा कार्यादेश दिई कार्यान्वयन भईरहेको र नगर स्तरीय योजनाहरुको समेत कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६ (घ)** यस उपमहानगरपालिका कै गौरवको रुपमा रहेको नवौं सिमरा गोल्ड कप यहि मिति २०७४ माघ २५ गते देखि सञ्चालन हुने भएको र उक्त गोल्ड कपका लागि नव जनजागृति यूवा क्लब सिमराबाट कार्यक्रममा सहयोगको लागि प्रस्ताव पेश भएको हुँदा उक्त कार्यक्रका लागि रु. १(एक) लाख खेलकुद शिर्षकबाट कार्यक्रममा सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ (ङ)** यस उपमहानगरपालिका कार्यपालिका सदस्य श्री सुमित्रा कार्कीकी ममतामयी माता श्रीमती देव कुमारी थापाको यहि मिति २०७४ माघ १४ गते आईतबारका दिन ६३ वर्षको उमेरमा कोल्हवी-५ मा आसामायिक निधन भएको हुँदा मृत आत्माको चिर शान्तीको कामना सहित शोकसन्तप्त परिवारलाई धैर्यधारण गर्न सक्ने शक्ती मिलोस भनी समवेदना व्यक्त गर्दै यस कार्यपालिका बैठकबाट शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ (च)** यस उपमहानगरपालिकाको मुख्य समस्याको रुपमा रहेको फोहरमैला व्यवस्थापन तथा सेनेटरी पार्कका लागि वार्ड नं. ५ स्थित बकुलिया पूर्व दुधौरा खोलाको किनारमा सिजन कन्स्ट्रक्शन सिमरासंग सम्झौता भई कार्य सञ्चालनको प्रकृयामा स्थानीय बासिन्दाहरुसंग विवाद हुँदा उक्त सेनेटरी पार्क सम्वन्धी कार्य अघि बढन सकेको थिएन । मिति २०७४/०९/१४ गतेको कार्यपालिका बैठकबाट सेनेटरी पार्क निर्माणको लागि महेन्द्र राजमार्गबाट दक्षिण दुधौरा खोलाको किनारामा वनको क्षेत्र भित्र बोट विरुवा उम्रिन नसक्ने खाली रहेको करिव १० विगाहा जग्गामा वातावरणीय रुपमा हरियाली हुने गरी सेनेटरी पार्क निर्माणको निर्णय भएको हुँदा सिजन कन्स्ट्रक्शन सिमरालाई नियमानुसार तत्काल निर्माण कार्य प्रक्रिया अघि बढाउनका लागि पत्राचार गर्ने निर्णय गरियो ।

Scanned by CamScanner